## प्रस्तावहरु:

२०७८।०७९-१२।०१ गाउँपालिका कार्यपालिका सदस्यहरुको राजिनामा सम्बन्धमा ।
२०७८।०७९-१२।०२ कार्यवाहक वडाअध्यक्ष तोक्ने सम्बन्धमा।
२०७८।०७९-१२।०३ विविध ।

## निर्णयहरु:

### कार्यपालिका निर्णय नं २०७८।०७९-१२।०१

प्रस्ताव नं २०७८।०७९-१२।०१ माथी छलफल गर्दा २०७४ बैशाख ३० गतेको स्थानीय तह निर्वाचनबाट निर्वाचित भइ हालसम्म रूपा गाउँपालिका कास्कीको अध्यक्ष, उपाध्यक्ष, कार्यपालिका सदस्य, गाउँसभा सदस्यहरुले आसन्न निर्वाचन २०७९ बैशाख ३१ गतेको निर्वाचनमा पुनः उम्मेदवारी दर्ता गर्न गाउँपालिकामा राजिनामा पेश गराएको जानकारी कार्यालयबाट प्राप्त भएकोमा सो निर्णय अनुमोदन गर्ने ।

### कार्यपालिका निर्णय नं २०७८।०७९-१२।०२

प्रस्ताव नं २०७८।०७९-१२।०२ माथी छलफल गर्दा २०७४ बैशाख ३० गतेको स्थानीय तह निर्वाचनबाट निर्वाचित भइ हालसम्म रूपा गाउँपालिका कास्कीको वडा नं ट को वडाअध्यक्ष, वडा सदस्यहरुले आसन्न निर्वाचन २०७९ बैशाख ३१ गतेको निर्वाचनमा पुनः उम्मेदवारी दर्ता गर्ने भएकोले गाउँपालिकामा राजिनामा पेश गराएकोले वडा कार्यालयबाट दैनिक कार्यसम्पादनमा सहजता कायम गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११६ को उपदफा २ बमोजिम वडा नं ६ को कार्यालयमा वडा सचिव पदमा कार्यरत श्री वृहस्पती अधिकारीलाइ कार्यवाहक वडाअध्यको जिम्मेवारी प्रदान गर्ने ।

मिति २०७९ बैशाख १३ गते मंगलबार बसेको गाउँ कार्यपालिका बैठकले उपर उल्लिखत निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु।

.. ... .... ... ...
(सन्तोष ढुङ्गाना)
प्रमुख प्रशासकीय अधिकृत
रुपा गाउँपालिका कास्की